अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

सि.नं	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	प्रतिवादीहरु छविरमण अधिकारी, रिता बादे श्रेष्ठ सेवाचार्य, लोकेन्द्रमान कर्मचार्य, ईच्छा बहादुर गुरुङ, बिष्णु प्रसाद धिताल, सुवर्ण राजभण्डारी, दुर्गादत्त जोशी, रामचन्द्र बसौला, बिकास श्रेष्ठ, ऋषिराज भट्ट, सागर न्यौपाने, सन्तोष धिताल, नरेश स्वार र मंजिल भेटवाल मु.नं (०७७-CR-००९३) फैसला मिति २०८०/११/१०	भ्रष्टाचार (रकम हानी नोक्सानी समेत)।	**आयोगको माग दावी** •नागरिक लगानी कोषकोसमेत लगानी रहेको रोयल मर्चेन्ट बैंकिङ एण्ड फाइनान्स लि.मा सो कोषको तर्फबाट सञ्चालक प्रतिनिधि नियुक्त भै गएका कोषका कर्मचारी छविरमण अधिकारी उक्त फाइनान्स लिमिटेडबाट गुरु गोरखनाथ हाउजिङका मन्जिल भेटवाललाई बैंकिङ प्रक्रिया विपरित प्रवाह भएको कर्जा स्वीकृत गर्ने कार्यमा संलग्न रहेको देखिएकोले निजलाई भ्रष्टाचार निवारण ऐन अन्तर्गतको कसुरमा कारवाही हुन भन्ने समेत बेहोराको उजुरी निवेदन उपर छानविन गरी थप अनुसन्धान पश्चात निज प्रतिवादीहरु छविरमण अधिकारी समेतले आफ्नो ओहदाको वा सो सम्बन्धी कर्तव्य पालना गर्दा सार्वजनिक संस्थाको सम्पत्ति बदनियत तथा लापरवाही गरी रु.१,४५,०१,०८३।०६ हिनामिना तथा नोक्सानी गरेको देखिंदा **निज प्रतिवादीहरु रिता बादे श्रेष्ठ सेवाचार्य, सुबर्ण राजभन्डारी, बिष्णु प्रसाद धिताल, ईच्छा बहादुर गुरुङ, छविरणमण अधिकारी र लोकेन्द्रमान कर्माचार्यले** आफ्नो ओहदाको वा सो सम्बन्धी कर्तव्य पालना गर्दा सार्वजनिक संस्थाको सम्पत्ति बदनियत तथा लापरवाही गरी रु.१,४५,०१,०८३।०६ हिनामिना तथा नोक्सानी गरेको देखिंदा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु. रु.१,४५,०१,०८३।०६ कायम गरी सोही दफा १७ बमोजिम असुल उपर हुन र सोही दफाले निर्देशन गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३(१) (झ) बमोजिम सजाय हुन, **प्रतिवादीहरु सन्तोष धिताल, सागर न्यौपाने, विकास श्रेष्ठ, दुर्गादत्त जोशी, रामचन्द्र बसौला र ऋषिराज भट्टलाई** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसूरको	**फैसलाः** प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला। **विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः** •प्रतिवादीहरुले आरोपदावीको कसूर गरेकोमा ईन्कारी वयान गरेको देखिएको, •ऋण प्रवाहको कैफियत एवम् ऋण असूलीका सम्बन्धमा यिनै प्रतिवादीहरु समेत उपर सक्षम अदालतमा मुद्दाहरु बिचाराधिन रहेको तथा कतिपय मुद्दामा ऋण असूली न्यायाधिकरणबाट फैसला समेत भई ऋण असूली प्रक्रियामा रहेको देखिएको र सो ऋण प्रवाह गर्दा प्रतिवादीहरुको बदनियत रहेको भन्ने आरोप दावी मिसिल संलग्न प्रमाण कागजातबाट पुष्टि हुन आएको नदेखिएको हुँदा सबै प्रतिवादीहरुले आरोप दाबीबाट सफाइ पाउने ठहर्छ।	•प्रस्तुत मुद्दामा गुरु गोरखनाथ हाउजिङ प्रा.लि.को संचालक समितिको बैठकले एपेक्स डेभलपमेन्ट बैंक लि.बाट रु.७,००,००,०००।- कर्जा लिने भनि मिति २०७०/०७/१८ मा गुरु गोरखनाथ प्रा.लि.को संचालक समितिको बैठकबाट निर्णय भएको देखिन्छ।कम्पनीको यथार्थ बिश्लेषण नै नगरी एपेक्स डेभलपमेन्ट बैंक लि.को संचालक समितिको मिति २०७२/०७/१९ मा नै बसेको २३८ औं बैठकले गुरु गोरखनाथ हाउजिङ प्रा.लि.लाई व्यापारिक कर्जा रु.४,००,००,०००।-स्वीकृत गर्ने निर्णय गरेको देखिन्छ।उक्त मिति २०७२।०७।१९ को बैठकमा कर्जा स्वीकृत गरेको तर धितोमा रहेका कित्ताहरु १३, १०१, ४०४, ४०५, ४४१ ऋणीको नाममा राजीनामा पास मिति २०७२।८।१४ मा मात्र भएको र कित्ता नं ६२७ र ६२९ कर्जा प्रवाह भएपछि मिति २०७२।१०।०६ मा ऋणीको नाममा राजीनामा पास भएको देखिन्छ।धितो रहेको स्थान भक्तपुर जिल्ला,तथलि वडा नं. ६ग कित्ता नं. १३, १०१, ४०४, ४०५, ४४१, ६२७, ६२९ क्षेत्रफल क्रमशः २-२-१-०,२-७-०-०,०-३-१-२,०-१४-१-०,०-७-०-०,०-३-२-० रहेको।उपरोक्त प्रा.लि.का एकल शेयरधनी संचालक मंजिल भेटवाललाई मिति २०७०।०५।०४ मा रु.४१ लाखको व्यक्तिगत कर्जा स्वीकृत समेत भई कर्जा प्रवाह भएको तर सो कर्जाको साबाँ रकम रु.४०,८८,४००।-र ब्याज रु.११,६७,१९३।५७ नियमित नभएकोले मिति २०७०।०७।०४ देखि पटक पटक कर्जा नियमित गर्न पत्राचारसमेत गरेकोमा सो कर्जा पनि नियमित नभएको अवस्थामा समेत तत्कालीन एपेक्स डेवलपमेन्ट बैंकको कर्जा नीति, २०७० को बुदाँ नं. ५(२) को विपरीत निज एकल शेयरधनी संचालक रहेको प्रा.लि.लाई पुनः रु.४ करोड कर्जा प्रवाह गर्ने गरी निर्णय गरेको देखिन्छ।कर्जा प्रवाह गर्दा ऋणीको चल्ती खातामा कुनैपनि व्यापारीक कारोबार नभएको,चारकिल्ला प्रमाणित कागजातमा धितो राखेको कित्ताहरुको कुनै पनि जग्गामा बाटोको पहुँच नरहेको उल्लेख भएको कुरा उक्त धितोमा रहेका जग्गाहरुको धितो लिलाम प्रक्रियाको लागि एनसिसि बैंकले Saces Consultancy P.LTD लाई सो जग्गाको पुनः मूल्याङ्कन मिति २०७४/०२/०१ मा गर्न पत्राचार गरेकोमा उक्त Saces Consultancy P.LTD ले मिति २०७४/०२/०८ गते उक्त जग्गाहरु बाटोको पहुँचका नरहेकोले सो जग्गाहरुको बैंकको नियमानुसार मूल्याङ्कन गर्न नसकिने भनी पत्राचार गरेबाट समर्थित भएको देखिंदा उक्त जग्गाहरु न्यून मूल्यका रही सो धितोले स्वीकृत भएको ऋण खाम्न सक्ने नदेखिंदा नदेखिंदै उक्त निर्णयमा साविक रोयल मर्चेन्ट बैंकिङ एण्ड फाइनान्स लि.मा नागरिक लगानी कोषको तर्फबाट उक्त कोषका कर्मचारी छविरमण अधिकारी संचालक समितिमा नागरिक लगानी कोषका कर्मचारीको रुपमा रहेकोमा निज छविरमण अधिकारी तथा अन्य प्रतिवादीहरु एक आपसमा मिलेमतो गरी बदनियतपूर्वक सार्वजनिक संस्था नागरिक लगानी कोषको लगानी रहेको कर्जा कारोवारमा कर्जा रकम हिनामिना, हानि नोक्सानी पुऱ्याएको उल्लिखित सवुद प्रमाणबाट पुष्टि भईरहेको अवस्थामा प्रतिवादीहरुलाई सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण रही बदर भागी छ। •बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को २२ को उपदफा (२)ले बैंक वा वित्तीय संस्थाको समग्र जोखिम व्यवस्थापन गरी निक्षेपकर्ता, ग्राहकवर्ग तथा सर्वसाधारण शेयरधनीको हितमा बैंक वा वित्तीय संस्थाको सञ्चालन गर्ने समेतको कर्तव्य सञ्चालक समितिको हुने व्यवस्था गरेको पाईन्छ भने एपेक्स डेभलपमेन्ट बैंकको कर्जा निति, २०७० को दफा १८ को उपदफा (११) ले कर्जा समितिको अधिकार क्षेत्रभन्दा माथि पर्ने भएमा माथिल्लो निकायमा

			मतियारको भूमिका गरेको देखिंदा सोही ऐनको दफा २२ बमोजिमको कसुरमा सोही दफा २२ बमोजिम ऐ. ऐनको दफा १७ अनुसार दावी लिएका प्रतिवादीहरुलाई हुने सजायको आधा सजाय हुन र **प्रतिवादी मन्जिल भेटवालले** धितोको मुल्याङ्कन गरी बदनियत पूर्वक भए गरेको कुरा लुकाई छिपाई नभएको कुरा देखाई गलत प्रतिवेदन गरेको देखिंदा निजलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम ऐ.ऐनको दफा १७ अनुसारको कसुर गर्ने प्रतिवादी सरह नै सजाय हुन समेतको मागदावी लिइएको देखिन्छ। **अदालतको फैसला** • प्रतिवादीहरु छविरमण अधिकारी समेतले सफाई पाउने ठहर गरी फैसला गरेको देखिन्छ।		स्वीकृतिको लागि पेस गर्नुपर्नेछ भनी उल्लेख भएबाट कर्जा स्वीकृति संचालक समितिले मात्र गर्न नसक्ने व्यवस्था गरेको देखिन्छ। उल्लेखित कानूनी व्यवस्थाले कर्जा फाइलमा आवश्यक कागजत भए नभएको, ऋणीले पेश गरेको धितोले माग गरेको कर्जाको थैलि खाम्ने नखाम्ने लगायतको विषयमा विवेचना गरी कर्जा प्रवाह गर्ने कानूनी कर्तव्य यी प्रतिबादी छविरमण अधिकारी समेतको रहेको देखिन्छ। उल्लेखित तथ्य तथा सवुद प्रमाणहरुबाट यी प्रतिबादीहरुले ऋण प्रवाह सम्बन्धी सम्बन्धित ऐन,नियम तथा नीति विपरीत बदनियतपूर्वक ऋण प्रवाह गरी सार्वजनिक संस्थाको सम्पत्तिको हिनामिना तथा हानि नोक्सानी गरी भ्रष्टाचारजन्य कसूर गरेको पुष्टी हुँदा हुँदै प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला मिसिल संलग्न प्रमाण मूल्यांकन तथा विश्लेषणको रोहमा त्रुटिपूर्ण छ। • उक्त ऋण असुलीको विषयमा ऋण असुली न्यायाधिकरणमा र यसै विषयमा वैकिङ्ग कसूर मुद्दा उच्च अदालतमा समेत दायर भएको देखिएको भनि यी प्रतिवादीहरुलाई प्रस्तुत भ्रष्टाचार मुद्दामा सफाई दिने ठहर गरी फैसला भएको देखिन्छ । भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसूर मानिने कुनै कार्य अन्य कानून बमोजिम समेत कसूर मानिने रहेछ भने दुवै कानून बमोजिम अलग अलग मुद्दा चलाउन सकिने गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ को खण्ड (क) ले कानूनी व्यवस्था गरेको देखिन्छ। सरकारी ओहदा, सरकारी सम्पत्ति, तथा सार्वजनिक सेवाको दुरुपयोग गरी व्यक्तिगत लाभमा प्रयोग हुनबाट रोक्ने उद्देश्यले यस ऐनको तर्जुमा भएको देखिन्छ। भ्रष्टाचारको विषय अन्य कसूरको विषयसँग दोहोरिन सक्ने (Overlapping) अवस्था रहेकोले अन्य कानून अन्तर्गत कारवाही भइसकेको भन्ने आधारमा मात्र भ्रष्टाचारको कसूर उपचार शुन्य नहोस भन्ने उद्देश्यले उक्त खण्ड (क) को प्रावधान विधायिकाले राखेको देखिन्छ। भ्रष्टाचार निवारण ऐन अन्तर्गतको विधायिकी उद्देश्य प्राप्तिमा कार्यविधिगत अवरोध नहोस अर्थात दोहोरो खतराको सिद्धान्त बाधक नबनोस भन्ने यस प्रावधानको आधारभूत उद्देश्य रहेको देखिन्छ। यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट *"एउटै तथ्यबाट एक भन्दा बढी कसूर हुन सक्दछन् । यसरी समग्र तथ्य तथा सम्बद्ध कानूनी व्यवस्था एवम् त्यसले प्रदान गर्ने उपचारको व्यवस्था समेतका आधारमा फरक फरक अवस्थालाई प्रतिनिधित्व गरेबाट भ्रष्टाचार मुद्दा र ठगी मुद्दालाई एउटै विषय मात्र नमिल्ने । कसैले कानुनद्वारा निषेधित आपराधिक कार्य गरेको अवस्थामा त्यस्तो कार्यलाई अलग-अलग कानूनले अलग-अलग अपराध मान्दछ भने त्यसलाई एउटै कसूर मानेर एउटा मात्र कानुन अन्तर्गत कारवाही गर्नुपर्ने भनी सीमित तुल्याउन नमिल्ने ।"* भनि (महेश चापागाई विरुद्ध नेपाल सरकार, ने.का.प. २०६९, अङ्क ८ निर्णय नं. ८८७४) प्रतिपादित सिद्धान्त तथा उक्त कानूनी व्यवस्था विपरित हुने गरी **यसै विषयमा अन्य निकायमा मुद्दा चलेको भन्ने आधारमा** यी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ। • अतः माथि विवेचित आधार र कारण समेतबाट **प्रतिवादीहरु छविरमण अधिकारी, रिता बादे श्रेष्ठ सेवाचार्य, लोकेन्द्रमान कर्माचार्य, ईच्छा बहादुर गुरुङ, बिष्णु प्रसाद धिताल, सुबर्ण राजभण्डारी, दुर्गादत्त जोशी, रामचन्द्र बसौला, बिकास श्रेष्ठ, ऋषिराज भट्ट, सागर न्यौपाने, सन्तोष धिताल, नरेश स्वार र मंजिल भेटवालसमेतलाई** आरोप मागदावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण देखिएकोले उक्त फैसला बदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ।